# संसदीय समिति अभ्यास

## पहिलो संसद्देखि संघीय संसद्सम्म



संसद् सहयोग परियोजना, युएनडिपी

संसदीय मामिला पत्रकार समाज

# संसदीय समिति अभ्यास

## पहिलो संसद्देखि संघीय संसद्सम्म

# संसदीय समिति अभ्यास
## पहिलो संसद्देखि संघीय संसद्सम्म


**प्रकाशक** : **संसदीय मामिला पत्रकार समाज**
सिंहदरबार, काठमाडौं ।
www.jspa.org.np
jspanepal@gmail.com

**संसद् सहयोग परियोजना**
**युएनडिपी, नेपाल**

**सम्पादक** : थिरलाल भुसाल

**संयोजन** : सन्जिब बगाले, विष्णु खड्का

**संकलन/लेखन** : तुलसी सापकोटा
जयसिंह महरा
सृजना घिमिरे
रघुनाथ बजगाइँ
किरण दहाल
आकाश क्षेत्री
शम्भु दंगाल

**संस्करण** : २०७८ पुस / प्रथम



**सर्वाधिकार** : संसदीय मामिला पत्रकार समाजमा



**तस्बिर** : दिपेश श्रेष्ठ, रोशन सापकोटा

**पृष्ठ सज्जा** : हिमाल श्रेष्ठ

**प्रकाशित प्रति** : १००० प्रति



(**अस्वीकरण**: यस पुस्तकमा समेटिएका सूचना, तथ्य, तथ्यांक, विश्लेषण, टिका टिप्पणी र निष्कर्ष सम्पूर्ण रूपमा संसदीय मामिला पत्रकार समाज र सम्बद्ध लेखकका निजी प्रस्तुति हुन् । विषयवस्तुको सत्यता र तथ्यपरकतालाई सोही अनुसार ग्रहण गर्न हुन पाठकवर्गसँग अनुरोध छ। संसद् सहयोग परियोजना/यूएनडिपी यस प्रकाशनमा उल्लेखित विषयवस्तु तथा विचारको पूर्ण वा आंशिक पक्षपोषण एवम् प्रतिनिधित्व गर्दछ भन्ने जरूरी छैन।)


**Parliamentary Committee Practices**
*First Parliament to Federal Parliament*

# अध्ययन गर्ने एक जमर्को

नेपालमा पटकपटक उथलपुथलपूर्ण क्रान्ति तथा आन्दोलनहरू भए। तर ठूला राजनीतिक परिवर्तनबाट स्थापित व्यवस्था बलियो र दिगो भने हुन सकेका छैनन्। कुनै पनि शासन व्यवस्था, संस्था वा विधि सुदृढ हुनका लागि त्यसको संस्थागत विकास हुनुपर्छ। तथ्यगत अध्ययन र संस्थागत स्मरण (इन्स्टिच्युसनल मेमोरी) को जगमा मात्र कुनै पनि संस्था बलियो बन्न सक्छ। विधिको शासन, पारदर्शिता र जवाफदेहिताजस्ता आधुनिक लोकतन्त्रका आधारस्तम्भका लागि पनि संस्थागत स्मरण उत्तिकै महत्वपूर्ण हुन्छ। विकसित लोकतान्त्रिक मुलुकहरूमा यी मूल्यमान्यतालाई अत्यन्त महत्व दिएको पाइन्छ। यस पक्षमा हामी (नेपाली) धेरै पछाडि छौं। नेपालमा लोकतान्त्रिक अभ्यासलाई थप परिष्कृत र सुदृढ बनाउनका लागि मुलुकको कानुन निर्माणको मुख्य थलो व्यवस्थापिका नै सबैभन्दा उन्नत लोकतान्त्रिक अभ्यास गर्ने संस्था हुनुपर्छ। संसद्मा अवलम्बन गरिने विधि, प्रक्रिया र अभ्यासहरूको आफ्नै महत्व हुन्छ। त्यसलाई थप परिष्कृत, उन्नत र पारदर्शी बनाउँदै जानुपर्छ। त्यसका लागि संसद्ले स्थापनाकालदेखि कसरी विभिन्न विधि प्रक्रियाको अवलम्बन गर्दै आयो भन्नेबारे ज्ञान हुनु जरुरी छ।

यस अध्ययनमा नेपालको पहिलो संसद्देखि गणतन्त्रकालसम्म संसदीय समितिहरूको विकासक्रम, उहिलेदेखि अहिलेसम्म गरिँदै आएका अभ्यास, संसदीय समितिको प्रभावकारिता, समितिको अभ्यासका क्रममा देखिएका केही प्रमुख प्रवृत्तिहरूको प्रतिनिधिमूलक ढंगबाट केलाउने प्रयास गरिएको छ। नेपालमा संसद् नै नरहँदा निरंकुश निर्दलीय पञ्चायती व्यवस्थामा पनि निर्वाचित व्यवस्थापिकीय निकायले काम गर्‍यो। त्यहाँ पनि समितिहरू गठन गरी तिनले केही अभ्यास गरे। तसर्थ विधायिकी अभ्यासलाई निरन्तरता दिएका राष्ट्रिय पञ्चायतका समितिलाई पनि निरन्तरता र इतिहासको एउटा पाटोका हिसाबले यस अध्ययनको दायरामा समेटिएको छ। विभिन्न राजनीतिक व्यवस्था र परिस्थितिमा संसदीय समितिहरूको संख्या र कार्यक्षेत्रमा निरन्तर फेरबदल भइरह्यो। सरकारको कामकारबाहीमाथि निगरानी राख्ने र निर्देशन दिने महत्वपूर्ण भूमिका रहेका समितिहरूको समावेशिताको पाटो कस्तो रह्यो ? त्यस कोणबाट पनि प्रतिनिधिमूलक ढंगबाट सिंहावलोकन गरिएको छ। यस अवधिमा समितिहरूको भूमिका र प्रभावकारिताका प्रमुख पक्षलाई समेटिएको छ। समितिका कामकारबाहीमा समितिको नेतृत्व र सदस्यहरूको गतिविधिलाई प्रतिनिधिमूलक र प्रवृत्तिगत रूपमा वस्तुनिष्ठ ढंगबाट केलाउने प्रयास गरिएको छ। संसदीय गतिविधि

सञ्चालन गर्ने मुख्य कर्ता निर्वाचित प्रतिनिधि नै हुन् तर स्थायी संरचनाको रूपमा रहेको संसद् सचिवालयको भूमिकालाई नजरअन्दाज गर्दा संसदीय समितिहरूको अध्ययन अपुरो हुन्छ। तसर्थ सचिवालयको भूमिकाबारे पनि विवेचना र त्यसबारे सचिवालयकै दृष्टिकोणलाई समेत संक्षिप्त चिरफार गरिएको छ।

अध्ययनका क्रममा संसद् सचिवालयद्वारा प्रकाशित पुस्तकहरू, संसद्का स्मारिका, समितिहरूका वार्षिक प्रतिवेदन, समितिका छानबिन प्रतिवेदन र निर्वाचन आयोग लगायतका प्रकाशनहरूबाट तथ्य तथ्यांकहरूलाई पुस्ट्याइँ गरिएको छ। यसलाई बढीभन्दा बढी वस्तुनिष्ठ बनाउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले गरेका अध्ययन प्रतिवेदन, आमसञ्चारमा स्वतन्त्र रूपमा प्रकाशित सामग्रीहरूलाई सन्दर्भका रूपमा लिइएको छ। समितिका सभापति र सांसदहरूसँगको कुराकानी, पूर्वसांसद, स्वतन्त्र विज्ञ, पदाधिकारी तथा कर्मचारीहरूसँगको कुराकानी लगायतका विधि अपनाइएको छ। यसरी पहिलो संसद्देखि पञ्चायत हुँदै संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था र गणतन्त्रकालसम्मको संसदीय समितिको विकासक्रमलाई एउटै धागोमा जोड्ने प्रयास यस अध्ययनमा भएको छ। नेपालको संसद्को संघर्षपूर्ण विगत र वर्तमान नेपालीका लागि मात्र नभई अन्तर्राष्ट्रिय अध्येताहरूका लागि समेत एउटा रुचिको विषय बन्न सक्छ। नेपालको संसदीय समितिको सांगोपांग अध्ययन गर्न चाहने अध्येता, अभ्यासकर्ता, अनुसन्धानकर्तालगायत सबै इच्छुकलाई यो प्रकाशन एक उपयोगी सामग्री बन्नेछ भन्ने अपेक्षा छ।

संसदीय मामिला पत्रकार समाजले केही वर्षदेखि संसदीय मामिलासम्बन्धी प्राज्ञिक अध्ययन, पारदर्शिता र जवाफदेहितालाई अझ उन्नत बनाउने उद्देश्यका साथ अनुसन्धानमूलक प्रकाशनहरू प्रकाशित गर्दै आएको छ। यो प्रकाशन पनि त्यसकै निरन्तरतास्वरूप अर्को एउटा इँटा थप्ने प्रयास हो। यस कार्य सम्पन्न गर्नका लागि धेरैजनाको निकै महत्वपूर्ण योगदान छ। अध्ययनका क्रममा संसदीय समितिसम्बन्धी महत्वपूर्ण विवरण तथा जानकारी उपलब्ध गराउने संसद् सचिवालयका पदाधिकारी तथा कर्मचारीहरूप्रति हामी कृतज्ञ छौं। अध्ययनको मस्यौदा पढेर महत्वपूर्ण सुझाव दिने राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाल र संसदीय मामिला पत्रकार समाजका पूर्वअध्यक्ष नारायण काफ्लेप्रति हामी आभारी छौं। संसदीय समितिको इतिहास र अभ्यासको विषयमा अध्ययन गर्न सहयोग गर्ने युएनडिपी अन्तर्गतको संसद सहयोग परियोजनालाई विशेष धन्यवाद दिन चाहन्छौं। परियोजनाका टिम लिडर दिलादत्त पन्तको सहयोग र सुझावका कारण अध्ययनले यो रुप प्राप्त गरेको हो। उहाँप्रति विशेष आभार प्रकट गर्दछौं। यस प्रकाशनमा कतिपय कमजोरी वा त्रुटी भएका हुनसक्छन्। सच्याउनुपर्ने विषय जानकारी गराइदिनु भएमा हामी हार्दिकताका साथ स्वागत गर्नुका साथै त्यसप्रति आभारी हुनेछौं।

# प्राक्कथन

कामकाजी हिसाबले क्रियाशील संसद्ले नै साँचो अर्थमा जनताको जीवनसँग जोडिने लोकतन्त्र संस्थागत गर्ने हो। कुनै पनि प्रतिनिधिमूलक लोकतान्त्रिक व्यवस्थामा संसद् मात्र एक यस्तो माध्यम हो जसमार्फत् आम नागरिकहरूले पनि आफुलाई सरोकार राख्ने नीतिहरूको निर्माण प्रक्रियामा सहभागिता जनाउन सक्दछन्। त्यस्तो सहभागिता तब मात्र पुरा हुन्छ जब संसद् कानुन निर्माण, निगरानी र बाह्यपहुँच लगायतका आफ्ना मुख्य कार्यहरू गर्न सबल रहन्छ।

युएनडिपी अन्तर्गतको संसद् सहयोग परियोजनाले संघीय संसद् र सातै वटा प्रदेश सभाहरूलाई जनताका प्रतिनिधिमूलक निकायका रुपमा कानुन निर्माण तथा निगरानी गर्ने कार्यलाई अझ सबल र सुदृढ गर्नका लागि महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ।


परियोजनाले सीमान्तकृत वर्गहरू तथा महिलालगायतलाई समावेशिताको मर्मअनुरुप संसदीय मामिलाका सहभागिताका लागि अवसर प्रदान गर्नमा जोड दिँदै आएको छ। यसका अतिरिक्त परियोजनाले नेपालको नयाँ संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरूको सम्बोधनका लागि संसद्हरूलाई सहयोग प्रदान गर्दै आएको छ। युएनडिपीको संसद् सहयोग परियोजनाको सहयोगमा संसदीय मामिला पत्रकार समाजद्वारा गरिएको यस अध्ययनले वि.सं. २०१५ सालमा नेपालमा भएको पहिलो संसदीय निर्वाचनपछि संसदीय समितिहरूले गरेका कार्यहरू तथा समितिहरूको राजनीतिक तथा ऐतिहासिक विकासक्रमलाई अभिलेखीकरण तथा अध्ययन गर्ने जमर्को गरेको छ।

नेपालमा संसदीय समितिहरूले संसदका मुख्य कार्यहरू सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् र विकासक्रमसँगै विगतका अनुभवहरूबाट सिक्दै तथा नयाँ वास्तविकता र आवश्यकताहरूलाई सम्बोधन पनि गर्दै आएका छन्। संसदीय मामिला पत्रकार समाजद्वारा ऐतिहासिक प्रमाण र प्रसंगहरूको खोजी गर्नका लागि गरिएको यो पहल अत्यन्तै सराहनीय छ।

प्रस्तुत अध्ययन नेपालको संसदीय समिति प्रणाली र संसदीय समितिहरूको विकासक्रम बारेमा जान्न इच्छुक जो कोहीका लागि उपयोगी श्रोत सामग्री हुने विश्वास लिइएको छ। नयाँ संघीय संरचनामा फरक संसदीय व्यवस्था अन्तर्गत विशेषगरी विगतका अनुभवहरूबाट सिक्दै

तथा नयाँ अनुभवहरू बटुल्दै आएका प्रदेश सभाहरू तथा तिनीहरूका संसदीय समितिहरूका लागि पनि यो अध्ययन एक उपयोगी सन्दर्भ सामग्री हुनसक्नेछ।

अन्त्यमा, यस अध्ययनका लागि म विशेषगरी संसदीय पत्रकार समाजको टोली, युएनडिपी नेपाल र संसद् सहयोग परियोजनाका साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। प्रकाशनलाई यो स्वरूपमा ल्याउनका लागि योगदान गर्नुहुने कल्पना सरकार, राजबहादुर श्रेष्ठ, दिलादत्त पन्त, यामबहादुर किसान, अनु प्रसाइ लामा, वेदप्रसाद ढकाल, कृष्णप्रसाद सुवेदीलगायत युएनडिपीका सहकर्मीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो अध्ययनका क्रममा अत्यन्त मेहनतका साथ अध्ययनको विषयवस्तु संयोजन र संश्लेषण गर्नुहुने अनुसन्धानकर्ताहरू र लेखकहरूलगायत संलग्न सबैलाई हार्दिक बधाइ तथा धन्यवाद व्यक्त गर्दछु।



**बर्नार्डो कोक्को**
(उप आवासीय प्रतिनिधि)
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपाल

预览已结束，完整报告链接和二维码如下：
https://www.yunbaogao.cn/report/index/report?reportId=5_31455